**नेपाल सरकार**

**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**

# राष्ट्रिय किताबखाना(निजामती)

## <u>सम्पत्ति विवरण दर्ता सम्बन्धी सूचना</u>

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) मा सार्वजनिक पद धारण गरेको हरेक व्यक्तिले आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिन भित्र सम्पत्ति विवरण बुझाउनु पर्ने व्यवस्था रहेकोमा आ.व.२०८१/८२ को सम्पत्ति विवरण बुझाउने अवधि मिति २०८२/०५/२९ गते समाप्त भएको। साथै सोही दफाको उपदफा (२) मा तोकिएको समयमा सम्पत्ति विवरण पेश गर्न नसक्ने सार्वजनिक पद धारण गरेको व्यक्तिले विवरण पेश गर्न नसक्नाको कारण सहित उल्लेख गरी म्याद थपको लागि अनुरोध गरेमा सम्बन्धित निकाय वा अधिकारीले बढिमा तीस दिन सम्मको म्याद थप दिन सक्नेछ भनी उल्लेख भएको हुँदा उपदफा (१) मा उल्लेख भएको समयमा सम्पत्ति विवरण बुझाउन नसकेका कर्मचारीहरुले सम्पत्ति विवरण बुझाउन नसक्नाको कारण सहितको निवेदन र कार्यरत कार्यालयको सिफारिस सहित सम्पत्ति विवरण दर्ताको लागि अनुरोध गरेमा मिति २०८२/०६/२८ सम्म सम्पत्ति विवरण दर्ता गर्न सकिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचना प्रकाशित गरिएको छ।

082/5/30